नेपाली सेना

श्री भर्ना छनौट निर्देशनालय

जङ्गी अड्डा

भर्ना छनौट निर्देशनालय
कार्यरथी विभाग
जंगी अड्डा

# प्राविधिक/हवाई/विविध सेवा तर्फका पदिक तथा बिल्लादार पदहरू (आन्तरिक) को लागि दरखास्त आव्हान

मितिः २०८१/१२/२९ गते ।

१. नेपाली सेनामा रिक्त रहेको प्राविधिक/हवाई/विविध सेवा तर्फका पदिक तथा बिल्लादार पदहरू आन्तरिक प्रतियोगिताद्वारा छनौट गरी पदपूर्ति गर्ने सिलसिलामा देहाय बमोजिम पदहरुको लागि योग्यता पुगेका ईच्छुक उम्मेदवारहरूले नेपाली सेनाको आधिकारिक वेबसाईट www.nepalarmy.mil.np वा भर्ना छनौट निर्देशनालयको आधिकारिक पोर्टल http://vacancy.nepalarmy.mil.np बाट अनलाईन दरखास्त फाराम भरी सो को प्रिन्ट-आउट सहित स्वयं उपस्थित भई तोकिएको भर्ना केन्द्रमा रू.१०।- (दश) को टिकट टाँसी आफूले प्राप्त गरेको शैक्षिक योग्यताको सक्कल प्रमाणपत्र तथा प्रतिलिपि, हालसालै खिचेको पासपोर्ट साईजको फोटो प्रति-४ (चार), २ X २ साईजको फोटो प्रति-१ (एक), ने.सै.फा.नं.८ र युनिटपतिको सिफारीस सहितको प्रो-फाराम नेपाली फायलमा संलग्न गरी मिति २०८१/१२/२९ गतेदेखि मिति २०८२/०१/२७ गतेसम्म कार्यालय समय भित्र नेपाली सेना केन्द्रीय भर्ना छनौट केन्द्र, सानो भ-याङ्ग, स्वयम्भूमा दरखास्त पेश गर्न आव्हान गरिन्छ ।

२. पदपूर्ति गर्नुपर्ने पद र संख्याः

| सि.नं. | विज्ञापन नं. | पद | सेवा | समूह | उप-समूह | आ.प्र. | कै. |
|---|---|---|---|---|---|---|---|
| १ | ०८१/८२/आ/३६ | प्रा.जम. डिस्प्याचर | सैनिक हवाई | अन्य हवाई | डिस्प्याचर | १ | |
| २ | ०८१/८२/आ/३७ | लेखा जम. | सैनिक विविध | लेखा | - | ५ | |
| ३ | ०८१/८२/आ/३८ | पण्डित हुद्दा | सैनिक विविध | पुजारी | - | ३ | |
| ४ | ०८१/८२/आ/३९ | प्रा.अम. मेडिकल | सैनिक प्राविधिक | सैनिक स्वास्थ्य | मेडिकल | ११ | |

| सि.नं. | विज्ञापन नं. | पद | सेवा | समूह | उप-समूह | आ.प्र. | कै. |
|---|---|---|---|---|---|---|---|
| ५ | ०८१/८२/आ/४० | प्रा.अम. डेण्टल | सैनिक प्राविधिक | सैनिक स्वास्थ्य | डेण्टल | १२ | |
| ६ | ०८१/८२/आ/४१ | प्रा.अम. जनरल मेकानिकल | सैनिक प्राविधिक | सैनिक ईन्जिनियरीङ्ग | उत्पादन | ९ | |
| ७ | ०८१/८२/आ/४२ | प्रा.अम. ईलेक्ट्रिकल | सैनिक प्राविधिक | सैनिक ईन्जिनियरीङ्ग | उत्पादन | ६ | |
| ८ | ०८१/८२/आ/४३ | प्रा.अम. रेडियो मेकानिक्स | सैनिक प्राविधिक | सैनिक ईन्जिनियरीङ्ग | मर्मत तथा सम्भार | १५ | |
| ९ | ०८१/८२/आ/४४ | प्रा.अम. भेहिकल मेकानिक्स | सैनिक प्राविधिक | सैनिक ईन्जिनियरीङ्ग | मर्मत तथा सम्भार | ५ | |
| १० | ०८१/८२/आ/४५ | प्रा.अम. जनरल मेकानिक्स (ए.सि. एण्ड रेफ्रिजेरेशन मेकानिक्स) | सैनिक प्राविधिक | सैनिक ईन्जिनियरीङ्ग | मर्मत तथा सम्भार | ३ | |
| ११ | ०८१/८२/आ/४६ | प्रा.अम. जनरल मेकानिक्स (जेनेरेटर) | सैनिक प्राविधिक | सैनिक ईन्जिनियरीङ्ग | मर्मत तथा सम्भार | १ | |
| १२ | ०८१/८२/आ/४७ | प्रा.अम. जनरल मेकानिक्स | सैनिक प्राविधिक | सैनिक ईन्जिनियरीङ्ग | मर्मत तथा सम्भार | १३ | |
| १३ | ०८१/८२/आ/४८ | प्रा.अम. कम्प्युटर | सैनिक प्राविधिक | सैनिक ईन्जिनियरीङ्ग | सूचना-प्रविधि | १ | |
| १४ | ०८१/८२/आ/४९ | प्रा.अम. भेटेरीनरी | सैनिक प्राविधिक | पशु विकास तथा पशु स्वास्थ्य | - | १ | |
| १५ | ०८१/८२/आ/५० | प्रा.अम. प्रचारप्रसार | सैनिक प्राविधिक | अन्य प्राविधिक | जनसम्पर्क तथा मनोबैज्ञानिक | १ | |
| १६ | ०८१/८२/आ/५१ | प्रा.अम. असवाव | सैनिक प्राविधिक | अन्य प्राविधिक | असवाव खाना | १ | |
| १७ | ०८१/८२/आ/५२ | प्रा.अम. एम्युनिशन प्राविधिक | सैनिक प्राविधिक | अन्य प्राविधिक | एम्युनिशन कार्य | ६ | |
| १८ | ०८१/८२/आ/५३ | प्रा.अम. प्याराच्युट फोल्डिङ्ग तथा मेन्टिनेन्स शाखा (महिला फोल्डर) | सैनिक प्राविधिक | अन्य प्राविधिक | प्याराच्युट फोल्डर तथा मर्मत | १ | |
| १९ | ०८१/८२/आ/५४ | प्रा.अम. (ए. एण्ड सी.) मेकानिकल | सैनिक हवाई | हवाई सम्भार समुह | - | १ | |
| २० | ०८१/८२/आ/५५ | अमल्दार कर्मचारी | सैनिक विविध | सैनिक कर्मचारी | - | ९० | |
| **जम्मा** | | | | | | १८६ | |

भर्ना छनौट निर्देशनालय
कार्यरथी विभाग
जंगी अड्डा

३. <u>आवश्यक न्यूनतम योग्यताः</u>

| सि.नं. | विज्ञापन नं. | पदको नाम | न्यूनतम शैक्षिक योग्यता | कैं. |
|---|---|---|---|---|
| १ | ०८१/८२/आ/३६ | प्रा.जम. डिस्प्याचर | (क) दश जोड दुई वा सो सरह उत्तीर्ण गरी डिस्प्याचर (फ्लाईट अप्रेशन ट्रेनिङ) हासिल गरेको । (ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा तीन महिनाको कम्प्युटर आधार तालीम उत्तीर्ण गरेको । | |
| २ | ०८१/८२/आ/३७ | लेखा जम. | लेखा वा वाणिज्य शास्त्रमा दश जोड दुई कक्षा वा सो सरह उत्तीर्ण गरी कम्तीमा तीन महिनाको कम्प्युटर आधार तालीम र कम्तीमा दुई महिनाको कम्प्युटर एकाउण्टिङ्ग सम्बन्धी तालीम उत्तीर्ण गरेको। | |
| ३ | ०८१/८२/आ/३८ | पण्डित हुद्दा | पूर्व मध्यमा वा कर्मकाण्ड सहित तीन सय पूर्णाङ्कको संस्कृत विषय लिई प्रवेशिका परीक्षा वा दश कक्षा वा सो सरहको परीक्षा उत्तीर्ण गरेको । | |
| ४ | ०८१/८२/आ/३९ | प्रा.अम. मेडिकल | एस.एल.सी. वा सो सरह वा आर्मी फष्टक्लास उत्तीर्ण गरी नर्सिङ्ग असिस्टेन्ट ग्रेड तीन तालीम उत्तीर्ण गरेको । | |
| ५ | ०८१/८२/आ/४० | प्रा.अम. डेण्टल | एस.एल.सी. वा सो सरह वा आर्मी फष्टक्लास उत्तीर्ण गरी नर्सिङ्ग असिस्टेन्ट ग्रेड तीन तालीम उत्तीर्ण गरेको । | |
| ६ | ०८१/८२/आ/४१ | प्रा.अम. जनरल मेकानिकल | एस.एल.सी.वा सो सरह उत्तीर्ण गरी सम्बन्धित ट्रेडमा ग्रेड तीन तालीम उत्तीर्ण गरेको । | |
| ७ | ०८१/८२/आ/४२ | प्रा.अम. ईलेक्ट्रिकल | एस.एल.सी.वा सो सरह उत्तीर्ण गरी सम्बन्धित ट्रेडमा ग्रेड तीन तालीम उत्तीर्ण गरेको । | |
| ८ | ०८१/८२/आ/४३ | प्रा.अम. रेडियो मेकानिक्स | एस.एल.सी. वा आर्मी फष्ट क्लास उत्तीर्ण गरी प्राविधिक आधार तालीम ग्रेड चार वा सम्बन्धित ट्रेडको ग्रेड चार र तीन तालीम उत्तीर्ण गरेको । | |
| ९ | ०८१/८२/आ/४४ | प्रा.अम. भेहिकल मेकानिक्स | एस.एल.सी.वा आर्मी फष्टक्लास उत्तीर्ण गरी प्राविधिक आधार तालीम ग्रेड चार वा सम्बन्धित ट्रेडको ग्रेड चार र तीन तालीम उत्तीर्ण गरेको । | |

भर्ना छनौट निर्देशनालय
कार्यरथी विभाग
जंगी अड्डा

| सि.नं. | विज्ञापन नं. | पदको नाम | न्यूनतम शैक्षिक योग्यता | कैं. |
|---|---|---|---|---|
| १० | ०८१/८२/आ/४५ | प्रा.अम. जनरल मेकानिक्स (ए.सि. एण्ड रेफ्रिजेरेशन मेकानिक्स) | एस.एल.सी. वा आर्मी फष्ट क्लास उत्तीर्ण गरी प्राविधिक आधार तालीम ग्रेड चार वा सम्बन्धित ट्रेडको ग्रेड चार र तीन तालीम उत्तीर्ण गरेको । | |
| ११ | ०८१/८२/आ/४६ | प्रा.अम. जनरल मेकानिक्स (जेनेरेटर) | एस.एल.सी.वा आर्मी फष्ट क्लास उत्तीर्ण गरी प्राविधिक आधार तालिम ग्रेड चार वा सम्बन्धित ट्रेडको ग्रेड चार र तीन तालिम उत्तीर्ण गरेको । | |
| १२ | ०८१/८२/आ/४७ | प्रा.अम. जनरल मेकानिक्स | एस.एल.सी.वा आर्मी फष्ट क्लास उत्तीर्ण गरी प्राविधिक आधार तालीम ग्रेड चार वा सम्बन्धित ट्रेडको ग्रेड चार र तीन तालीम उत्तीर्ण गरेको । | |
| १३ | ०८१/८२/आ/४८ | प्रा.अम. कम्प्युटर | सैन्य आधार तालीम, एस.एल.सी. वा सो सरह उत्तीर्ण, मान्यता प्राप्त शिक्षण संस्थाबाट तीन महिनाको कम्प्युटर आधार तालीम उत्तीर्ण गरी डेक्सटप पब्लिसिङ्ग वा ग्राफिक्स डिजाइनिङ्ग वा हार्डवेयर मेन्टिनेन्स वा नेटवर्किङ्ग वा डाटा वेश सम्बन्धी कुनै एक विषयमा कम्तीमा तीन महिनाको बिशेष तालीम उत्तीर्ण गरेको । | |
| १४ | ०८१/८२/आ/४९ | प्रा.अम. भेटेरीनरी | एस.एल.सी. वा सो सरह वा आर्मी फष्ट क्लास उत्तीर्ण गरी वा भेटेरिनरी वा भेट् फष्ट एड एण्ड एनिमल हाइजिन "ग" र "ख" श्रेणी उत्तीर्ण गरेको । | |
| १५ | ०८१/८२/आ/५० | प्रा.अम. प्रचारप्रसार | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी कम्तीमा तीन महिनाको कम्प्युटर आधार तालिम उत्तीर्ण गरेको र आधारभूत पत्रकारिता तालिम गरेको वा सैनिक जनसम्पर्क निर्देशनालयद्वारा सञ्चालित मिडिया आधारभूत तालिम वा सो सरहको तालिम उत्तीर्ण गरेको र मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर सफ्टवेयर सम्बन्धी कम्तीमा तीन महिनाको तालिम उत्तीर्ण गरेको । | |
| १६ | ०८१/८२/आ/५१ | प्रा.अम. असवाव | आठ कक्षा वा आर्मी सेकेण्ड क्लास उत्तीर्ण गरी सम्बन्धित ट्रेडमा अनुभवी र दक्षताका साथ कार्य गर्न सक्ने कम्तीमा पाँच बर्ष सेवा अवधि पुरा भएको । | |
| १७ | ०८१/८२/आ/५२ | प्रा.अम. एम्युनिशन प्राविधिक | आठ कक्षा वा आर्मी सेकेण्ड क्लास उत्तीर्ण गरी एम्यूनिशन वेशिक, एम्युनिशन स्टोर किपर र एम्युनिशन एक्सप्लोसिभ बर्निङ तथा डेमोलिशन तालीम गरेको । | |

| सि.नं. | विज्ञापन नं. | पदको नाम | न्यूनतम शैक्षिक योग्यता | कैं. |
|---|---|---|---|---|
| १८ | ०८१/८२/आ/५३ | प्रा.अम. प्याराच्युट फोल्डिङ्ग तथा मेन्टिनेन्स शाखा (महिला फोल्डर) | एस.एल.सी. वा आर्मी फष्ट क्लास उत्तीर्ण गरी प्याराच्युट फोल्डिङ तालिम गरेको । | |
| १९ | ०८१/८२/आ/५४ | प्रा.अम. (ए. एण्ड सी.) मेकानिकल | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषयमा कम्तीमा ६ महिनाको तालिम हासिल गरेको वा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट टेक्निकल एस.एल.सी. वा सो सरह उत्तीर्ण गरेको । | |
| २० | ०८१/८२/आ/५५ | अमल्दार कर्मचारी | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी कम्तीमा तीन महिनाको कम्प्युटर आधार तालीम उत्तीर्ण गरेको । | |

४. <u>दरखास्त दस्तुर</u>: दरखास्त फाराम बुझाउंदा उम्मेदवारहरूले श्री नेपाल बैंक लिमिटेडको खाता नम्बर ००१०१००००००००१००१००१ (कार्यालय कोड ३४५०१३५१३ र राजश्व शीर्षक नं.१४२२४) मा निम्न पद अनुसार दस्तुर जम्मा गर्नु भई सो को सक्कलै भौचर तथा प्रतिलिपि प्रति १/१ (एक/एक) दरखास्त फाराम साथ पेश गर्नु पर्नेछ ।

(क) ओ.प्रा.सु. (सिभिल) रु. ४००।-

(ख) विभिन्न ट्रेडका प्रा.जम. र लेखा जम.- रु. ३००।-

(ग) पण्डित हुद्दा, सबै ट्रेडका प्रा.अम. र अमल्दार कर्मचारी - रु. २००।-

५. <u>छनौट परीक्षाहरू</u>:

(क) <u>शारीरिक परीक्षा</u>: शारीरिक परीक्षाको मापदण्ड निम्न बमोजिम हुनेछ ।

| पुरुष | महिला | कैं. |
|---|---|---|
| (१) सिटअप १० पटक ।<br>(२) पुसअप १० पटक ।<br>(३) चिनअप ३ पटक । | (१) सिटअप ८ पटक ।<br>(२) पुसअप ५ पटक । | |

| पुरुष | महिला | कै. |
|---|---|---|
| (४) खाली हात २ माइल दौड २१ मिनेट (४० वर्ष माथि) र १८ मिनेट (४० वर्ष मुनि) मा पूरा गर्नुपर्नेछ ।(ड्रेशः चुस्ता बुट) | (३) खाली हात १ माइल दौड ११ मिनेट ३० सेकेण्ड (४० वर्ष माथि) र १० मिनेट (४० वर्ष मुनि) मा पूरा गर्नुपर्नेछ ।(ड्रेशः चुस्ता बुट) | |

(ख) **लिखित परीक्षा**ः लिखित परीक्षा श्री लोक सेवा आयोगबाट संचालन हुनेछ ।

(ग) **प्रयोगात्मक परीक्षा**ः सम्बन्धित ट्रेड अनुसार ५० पूर्णाङ्कको प्रयोगात्मक परीक्षा संचालन हुनेछ ।

(घ) **विस्तृत स्वास्थ्य परीक्षण**ः मान्यता प्राप्त चिकित्सकहरूबाट विस्तृत स्वास्थ्य परीक्षण गरिनेछ।

(ङ) **अन्तर्वार्ता**ः पदपूर्ति समितिका पदाधिकारीहरूबाट अन्तर्वार्ता हुनेछ ।

६. **उमेर हद**ः उल्लिखित पदका लागि उम्मेदवारको उमेरको हद सम्बन्धित सेवाको नियमावलीमा उल्लेख भएनुसार हुनेछ । सैनिक हवाई सेवा र सैनिक विविध सेवा तर्फका उम्मेदवारहरुको आवेदन दिन पाउने अन्तिम मितिसम्ममा ३५ (पैंतिस) वर्ष पूरा नभएसम्म बढीमा ३ पटक आवेदन दिन सक्नेछ ।

७. **थप योग्यता**ः

(क) दरखास्त पेश गर्ने अन्तिम मिति २०८२/०१/२७ गतेका दिन न्यूनतम सेवा अवधि १ वर्ष पुरा भएको हुनु पर्नेछ ।

(ख) बडी मास इन्डेक्स (वि.एम.आई.) मा योग्य, स्वास्थ्य वर्गीकरण एमइडिडिआइसिसिओएस-जी दुई वा सो भन्दा कम भएको ।

(ग) शारीरिक तन्दुरुस्ती परीक्षा (बि.एफ.टि.) उत्तीर्ण गरेको ।

(घ) युनिटपतिको सिफारिस सहितको प्रो-फाराम **(हवाई/विविध सेवामा दरखास्त दिनेको हकमा उमेर तथा पटक अनिवार्य खुलेको)** हुनु पर्नेछ । साथै बुदा नं.७ को **"ख"** र **"ग"** समेतको योग्यता खुलेको हुनु पर्नेछ ।

(ङ) अन्य योग्यताको हकमा सम्बन्धित सेवाको नियमावली अनुसार हुनेछ ।

८. **सम्पर्क मिति र स्थान**ः २०८२/०२/११ गतेको ११०० बजे नेपाली सेना केन्द्रीय भर्ना छनौट केन्द्र, स्वयम्भूमा स्वयम् उपस्थित भई वा श्री भर्ना छनौट निर्देशनालयको आधिकारिक पोर्टल **http://vacancy.nepalarmy.mil.np** भित्र **EXAM NOTICES** मा आगामी परीक्षाको कार्यतालिका बारे जानकारी प्राप्त गर्न सकिनेछ ।

९. <u>अन्य शर्तहरुः</u>

(क) हरेक परीक्षामा सहभागी हुन आउंदा उम्मेदवारहरूले आ–आफ्नो प्रवेश पत्र र सक्कल नागरिकता साथमा लिई आउनु पर्नेछ ।

(ख) नेपाली सेनामा हाल जारी पदपूर्ति प्रक्रियामा अन्य कुनै पदमा आवेदन पेश गरेको भए उम्मेदवारले स्वघोषणा गर्नु पर्नेछ । अन्य पदमा समेत आवेदन पेश गरेका उम्मेदवारले अनलाईन दरखास्त फाराम भर्ने क्रममा आवेदन दिएको पद र विज्ञापन नम्बर उल्लेख गर्नु पर्नेछ ।

(ग) उम्मेदवारहरूले पेश गरेको सम्पूर्ण विवरणहरूको सक्कल प्रति दरखास्त फाराम भर्दा र बोर्ड अन्तर्वार्तामा समेत पेश गर्नु पर्नेछ । उम्मेदवारहरूले पेश गरेको विवरण झुठा ठहरिएमा प्रचलित कानुन अनुसार कारबाही हुनेछ ।

१०. <u>अनलाईन दरखास्त फाराम भर्ने सम्बन्धमा जानकारीः</u>

(क) नेपाली सेनाको आधिकारिक वेबसाईट **www.nepalarmy.mil.np** मा गएर **JOIN NEPALI ARMY** भित्र वा भर्ना छनौट निर्देशनालयको आधिकारिक पोर्टल **http://vacancy.nepalarmy.mil.np** मा भएको **"Apply Online"** मा **Click** गर्ने ।

(ख) अनलाईन दरखास्त फाराम भर्न नेपाली नागरिकताको विवरण, व्यक्तिगत विवरण, शैक्षिक योग्यताको विवरण र पारिवारिक विवरणहरु नेपाली युनिकोडमा भर्नु पर्नेछ साथै, **उम्मेदवारको फोटो, नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्रहरु र राजस्व तिरेको भौचरको स्क्यान/डिजिटल कपी अनिवार्य आवश्यक पर्दछ ।**

(ग) अनलाईन दरखास्त फाराम भर्दा शुरुमा दरखास्तवालाको उमेर, शैक्षिक योग्यता, नागरिकता जस्ता विवरणका आधारमा उम्मेदवारले तोकिएको न्युनतम योग्यता प्रविष्ट (Entry) गरी मान्य भएको अवस्थामा मात्र त्यस पछि भर्नुपर्ने फारामहरुमा प्रवेश पाउनेछन् । आवश्यक विवरण तथा डकुमेन्टहरु प्रविष्ट/अपलोड भएपछि राजस्व तिरेको भौचरको स्क्यान/डिजिटल कपी अपलोड गरी **Submit Application** गर्ने र उम्मेदवारले सो विवरण सहितको दरखास्त फाराम, प्रवेश पत्र, राजश्व दस्तुरको भौचर डाउनलोड गरि **PDF Format** मा **Save** गर्ने र प्रिन्ट गर्ने ।

(घ) उक्त प्रिन्ट गरेको दरखास्त फाराममा उम्मेदवारले फोटो र हुलाक टिकट टांस गरी निवेदकको सहिछाप सहित नेपाली सेना केन्द्रीय भर्ना छनौट केन्द्र, सानो भऱ्याङ्ग, स्वयम्भूमा तोकिएको मिति भित्र पेश गर्नुपर्नेछ ।

(ङ) यदि उम्मेदवारहरुले अनलाईनबाट मात्र निवेदन फाराम **Submit** गरेर सो को प्रिन्ट सहितको फाराम नबुझाएको अवस्थामा सो अनलाईनबाट मात्र **Submit** गरेको फारामलाई **मान्यता दिईने छैन ।**

(च) अनलाईन दरखास्त फाराम भर्न केहि प्राविधिक कठिनाई भएमा "Request for Help" मा गएर आफ्नो जिज्ञासा/कठिनाई व्यक्त गर्न सकिन्छ । साथै "Frequently Asked Questions" मा गएर पनि आफ्नो जिज्ञासा/कठिनाई सम्बन्धी जानकारी पाउन सकिन्छ । साथै, थप केहि जानकारी लिनु परेको खण्डमा सूचना प्रविधि निर्देशनालयको सम्पर्क नम्बर ०१-५९७९३०५ मा कार्यालय समय भित्र सम्पर्क गर्न सकिने छ ।

११. यस सम्बन्धी सूचना श्री भर्ना छनौट निर्देशनालयको आधिकारिक पोर्टल **vacancy.nepalarmy.mil.np** भित्र **VACANCY & REQUIREMENTS** मा र पद अनुसार पठ्यक्रमहरु **ARMY SYLLABUS** मा हेर्न सकिनेछ । साथै, थप केहि जानकारी लिनु परेको खण्डमा भर्ना छनौट निर्देशनालयको सम्पर्क नं.०१-५९७९४७८ मा कार्यालय समय भित्र सम्पर्क गर्न समेत सूचित गरिन्छ ।

(राज प्रताप अ.ब.रा.)
सहायक रथी
निर्देशक